महाबु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

गैडाबाज, दैलेख

कर्णाली प्रदेश नेपाल

प.स.-२०८०/०८१ च.न: १४१८ मितिः२०८१।०३।२३ ने.सं.११४४ दिल्लाथ्व, २ आइतबार

**अविरल वर्षाका कारण हुन सक्ने सम्भावित जोखिमबाट सजग, सतर्क रहन सम्पुर्ण गाउँपालिका वासीहरुमा हार्दिक अपिल ।**

हाल देशका सवै जसो भागहरुमा मनसुन सक्रिय रहेको र केही दिन देखि निरन्तर अविरल वर्षा भई रहेको तथ्य सर्व विदितै छ । जल तथा मौसम विज्ञान विभागले यस वर्ष अन्य वर्षको तुलनामा बढी वर्षा हुन सक्ने र यस बाट वाढी, पहिरो, भु-क्षय लगायतको जोखिम उच्च रहने पूर्वानुमान गरेको छ । यसै सन्दर्भमा महाबु गाउँपालिका वाढी, पहिरो, भुक्षय लगायतका हिसावले उच्च संवेदनशिल रहेको व्यहोरा सम्पुर्णमा अवगत नै छ ।

यस कारण निरन्तर भईरहेको अविरल वर्षाबाट जनधनको क्षति हुन नदिन सजग, सर्तकता पूर्व सावधानीका उपायहरु अपाउन र सुरक्षित स्थानमा सुरक्षित साथ रहन सम्पुर्ण गाउँपालिका आम जनसमुदायलाई हार्दिक अपिल गरिन्छ । साथै निरन्तर रुपमा परिरहेको अविरल वर्षाका कारण कुनै समुदाय तथा बस्तीहरुमा वाढी, पहिरो तथा भू-क्षय भई जोखिम भएमा यथासिघ्र गाउँपालिका सम्बन्धित वडा कार्यालय तथा नजिकको प्रहरी चौकीमा जानकारी गराउन हुन अनुरोध गरिन्छ ।

(मञ्जु कुमारी शर्मा पाण्डे)
का. वा. अध्यक्ष

मञ्जु कुमारी शर्मा (पाण्डे)
का. वा. अध्यक्ष